नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

यस सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आ.व. २०७६/७७ मा अनुसन्धानका क्रममा रहेका उजुरीहरु उपर अनुसन्धान कार्य सम्पन्न गरी ३१ जना प्रतिवादीहरुका विरुद्ध कुल वीगो रु. ३,६२,२७,७३,३७३।- (तीन अर्ब बैसठ्ठी करोड सताईस लाख त्रियहत्तर हजार तीन सय त्रियहत्तर रुपैया ) वीगो कायम गरी वीगोको दोब्बर जरिवाना र कैद सजाय तथा अन्य सम्पत्तिहरु समेत जफतको मागदावी लिई विशेष अदालत काठमाडौं समक्ष १० मुद्दा अभियोजन गरेको छ ।

संख्यात्मक रुपमा हेर्दा विभागबाट दायर भएका मुद्दा न्यून देखिएता पनि सम्पत्ति शुद्धीकरणको कसुर आफैमा स्वतन्त्र प्रकृतिको अपराध नभएर अन्य फौजदारी चरित्रका अपराधबाट आपराधिक आय सिर्जना गरी त्यसको व्यवस्थापनका लागि गरिने वित्तीय अपराध हो । वित्तीय अपराध भएकाले यो अन्य अपराध जस्तो सहज किसिमले छोटो समयमा अनुसन्धान कार्य हुन सक्ने प्रकृतिको नभई एउटा जटिल प्रक्रियाको रुपमा रहन्छ । तसर्थ सम्पत्ति शुद्धीकरणको कसुरको अनुसन्धान आफैमा जटिल हुने गर्दछ । सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय चासो र सरोकारको मात्र विषय नभई अन्तराष्ट्रिय स्तरमा समेत चासो र सरोकारको विषय र प्राथमिकता भएकाले अन्तराष्ट्रिय स्तरमा समेत अनेकौ संयन्त्रहरुको व्यवस्था भएकाले विश्वका सबै देशहरुको एकीकृत र समन्वयात्मक प्रयास र सहकार्यले मात्र सम्पत्ति शुद्धीकरण निवारण प्रभावकारी भई स्वस्थ्य वित्तीय प्रणालीको स्थापना गर्न सक्छ भन्ने कुराको सहज अनुमान गर्न सकिन्छ ।

नेपालको सन्दर्भमा अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी गर्ने कार्यलाई निवारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न २०६४ सालमा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४ जारी भई  कसुरको अनुसन्धान गर्ने निकायको रुपमा यस विभागको स्थापना भएको हो । सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४  संरचनागत र प्रक्रियागत हिसावले हेर्दा सरकारी-निजी साझेदारीको समन्वयात्मक रुपबाट कार्यान्वयन हुने ऐन हो । कानूनतः सूचक संस्थाको रुपमा परिभाषित बैंक, वित्तीय संस्था, घरजग्गा व्यावसायी, बहुमुल्य धातुको कारोवार गर्ने व्यावसायीहरु, क्यासिनो, स्वतन्त्र लेखापरीक्षक, नोटरी पब्लिक लगायतहरुको उक्त ऐन बमोजिमको दायित्व जिम्मेवारी रहेको छ भने सूचक संस्थाहरुको नियमनकारी निकायहरुको आफ्नै प्रकारको दायित्व र भुमिका रहेको छ । अन्य कानून कार्यान्वयन गर्ने निकायहरु लगायत सबैले ऐन बमोजिमको कार्य सम्पादन गरी राज्यका हरेक निकाय तथा सबै निजी क्षेत्रले समेत सम्पत्ति शुद्धीकरण निवारणका लागि एकीकृत र समन्वयात्मक रुपमा कार्य गरी सबैको सामुहिक प्रयास, भूमिका र जिम्मेवारीको योग एवं प्रभावकारिता ले मात्र यस विभागको कार्यसम्पादनलाई नतिजामुखी बनाउने हुँदा आगामी दिनहरुमा विभागले सबैबाट अझ सक्रिय सहयोगको अपेक्षा गरेको छ ।